# कालिका पावर कम्पनी लिमिटेड
# KALIKA POWER COMPANY LIMITED

च.नं.:- ०७९/८०/१२०

मिति: २०७९।१०।०९

**श्री नेपाल धितोपत्र बोर्ड,**
**खुमलटार, ललितपुर, नेपाल ।**

**श्री नेपाल स्टक एक्सचेन्ज लि.**
**सिंहदरवार प्लाजा, काठमाडौं ।**

विषय: **राजिनामा स्वीकृत गरिएको सम्बन्धमा ।**

प्रस्तुत बिषयमा यस कालिका पावर कम्पनी लिमिटेडका अध्यक्ष तथा प्रबन्ध संचालक श्री बिक्रम पाण्डेज्यूले नेपाल सरकारको मन्त्री हुने जानकारी भएकोले संचालक समितिको अध्यक्ष तथा प्रबन्ध संचालक पदबाट मिति २०७९।१०।०३ गते राजिनामा दिनु भएको हुँदा निजको राजिनामा मिति २०७९।१०।०९ गते, साँझ ५:०० बजे बसेको संचालक समितिको बैठकबाट राजिनामा स्वीकृत गर्ने निर्णय गरेको तथा सो कारणले उक्त अध्यक्ष पद रिक्त भएकोले सोही सञ्चालक समितिको निर्णय बमोजिम कम्पनीको अध्यक्ष पदमा श्रीमती पार्वती पाण्डेज्यूलाई नियुक्ती गरिएको र प्रबन्ध संचालक पदमा श्री भुपराज काफ्लेलाई नियुक्त गरिएको हुँदा सञ्चालक समितिको निर्णय उतार गरी यसै पत्रसाथ संलग्न गरी ताँहाको जानकारीको लागि पेश गरिएको व्यहोरा अनुरोध छ ।

कालिका पावर कम्पनी लि. KALIKA POWER COMPANY LTD.

भवदिय,

**किशोर कुमार डंगोल**
कम्पनी सचिव

बोधार्थ:

**श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।**
**श्री विद्युत नियमन आयोग, सानोगौचरण, काठमाडौं ।**
**श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलीसडक, काठमाडौं ।**
**श्री ग्लोबल क्यापिटल लि., काठमाडौं ।**

**P.O. Box:** 21534, Kalika Tower, Baluwatar, Kathmandu, Nepal
**Tel.:** +977-1-4439153, 4439154, **Fax:** +977-4439155, **Email:** info@kalikagroup.com
*साविक दरौदी कालीका हाइड्रो प्रा. लि.*

# कालिका पावर कम्पनी लिमिटेड
# KALIKA POWER COMPANY LIMITED

## संचालक समितिको मिति २०७९/१०/०९ गतेको बैठकको निर्णय उतार

निर्णय नं. १

यस कम्पनीको संचालक समितिको अध्यक्ष तथा प्रवन्ध संचालक श्री बिक्रम पाण्डेज्युले मिति २०७९।१०।०३ गते आफु नेपाल सरकारको मन्त्रीको जिम्मेवारी बहन गर्नुपर्ने भएकोले यस कम्पनीको अध्यक्ष तथा प्रवन्ध संचालक पदमा रहि कार्य गर्न असमर्थ भएको कारणले संचालक समिति समक्ष लिखित राजीनामा पेश गर्नु भएकोले सो सम्वन्धमा आज बसेको संचालक समितिको वैठकमा छलफल गरी यस कम्पनीको अध्यक्ष तथा प्रवन्ध संचालक माननिय शहरी विकास मन्त्री श्री बिक्रम पाण्डेज्युलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिदै कम्पनीको अध्यक्ष तथा प्रवन्ध संचालक पदवाट दिनु भएको राजीनामा स्वीकृति गरीयो । साथै, सो को जानकारी श्री धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेञ्च लि., श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री विद्युत नियमन आयोग लगायत अन्य निकायहरुमा पत्रचार गर्ने निर्णय सर्वसम्मतिवाट पारीत गरीयो ।

निर्णय नं. २

यस कम्पनीको अध्यक्ष तथा प्रवन्ध संचालक माननिय शहरी विकास मन्त्री बिक्रम पाण्डेज्युले दिनु भएको राजीनामा स्वीकृति भएकोले वाँकी कार्यकालको लागि अध्यक्ष तथा प्रवन्ध संचालक नियुक्ति गर्ने सम्वन्धमा आज बसेको संचालक समितिको वैठकमा छलफल गरी बाँकी कार्यकालको लागि अध्यक्ष पदमा श्री पार्वती पाण्डे तथा प्रवन्ध संचालक पदमा श्री भुपराज काफ्लेलाई नियुक्ति गरी सो को जानकारी श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री नेपाल धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लि., श्री विद्युत नियमन आयोग लगायत अन्य निकायहरुमा पत्राचार गर्ने निर्णय सर्वसम्मतिवाट पारीत गरीयो ।

**P.O. Box:** 21534, Kalika Tower, Baluwatar, Kathmandu, Nepal
**Tel.:** +977-1-4439153, 4439154, **Fax:** +977-4439155, **Email:** info@kalikagroup.com
*साविक दरौदी कालीका हाइड्रो प्रा. लि.*